# आर्थिक वर्ष २०७८/७९

# को

# नीति तथा कार्यक्रम

**स्थानीय सरकार**

**हेलम्बु गाउँपालिका**

**हेलम्बु, सिन्धुपाल्चोक**

# हेलम्बु गाँउपालिकाको नवौं गाउँसभामा स्थानीय सरकारद्वारा

## प्रस्तुत आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम

**गाउँसभाका अध्यक्ष ज्यू**
**गाउँसभाका सदस्य ज्यूहरु ।**

हाल विश्वभर फैलिएको नोवेल कोरोना भाइरस (कोभिड १९) को दोस्रो भेरियन्टबाट यस गाउँपालिकामा पनि हालसम्म ११७ जना संक्रमित भएका र ९६ जना निको भईसकेका छन् । यसबाट सिर्जित विषम परिस्थितिका कारण हाल हाम्रा विकासका प्रयासहरु आंशिक रुपमा अवरुद्ध भई आर्थिक तथा मानविय संकट उत्पन्न हुन पुगेको छ । यस जटिल परिस्थितिमा उच्च मनोबलका साथ कोरोना संङक्रमण, रोकथाम तथा नियन्त्रणको लागि अग्रपङ्तिमा रही अनवरत रुपमा खटिरहनु भएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, सवारी चालक तथा जनप्रतिनिधिहरु प्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

असार १ गते देखि मेलम्ची खोलामा आएको बाढीले हेलम्बु गाउँपालिका भित्रका वडा नं ५ बाहेकका सम्पूर्ण वडाहरुमा खोलाको किनार वरिपरि रहेका तिम्बु, तल्लो तिम्बु, हल्दे, ओडारे, चिउरीखर्क, किउल, गणेशे, चनौटे, पाल्चोक सेरा, गैरीबेशी, ग्याल्थुम लगायतका बस्तीहरुमा समेत ठुलो धनजनको क्षति, व्यवसायिक फर्म, ३ ओटा मोटरेवल पुल, ६ वटा झोलुङ्गे पुल, इलाका प्रहरी कार्यालय, वडा नं २ को अस्थायी वडा कार्यालय, मेलम्ची खानेपानी आयोजनाको मुहान लगायतका संरचनामा क्षति पुगेको तथा १५ जना बेपत्ता, १ जनाको मृत्यू र मेलम्ची खानेपानी आयोजनाको मुहानमा कार्यरत ३ जना चाईनिज, ३ जना भारतीय र २ जना नेपाली गरी जम्मा २४ जना बेपत्ता रहेको हुँदा त्यस प्रति हेलम्बु गाउँपालिका दुःख प्रकट गर्दछ । साथै बेपत्ता भएका परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दै बेपत्ता भएकाहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । हाल बाढीबाट पूर्ण क्षति भई बासस्थान नभएकाहरुलाई टेण्ट तथा त्रिपालमा सुरक्षित स्थानमा राख्ने कार्य सम्पन्न भएको र वर्षायाममा टेण्ट भित्र मात्रै बसोवास गर्न कठिनाई हुने महसुश गरि तत्कालै स्थायी घर निर्माण नभएसम्मको लागि जस्ताको ३ कोठे अस्थायी टहरा निर्माण कार्य प्रारम्भ गरिएको छ र यस कार्यलाई छिटो भन्दा छिटो सम्पन्न गरि स्थायी आवास निर्माणको कार्य अगाडि बढाउनको लागि सर्वेक्षकटोली समेत प्रत्येक वडा वडामा खटाईसकेको तथा विद्युत, संचार पूर्ण रुपमा वन्द रहेकोमा विद्युत प्राधिकरण सँग समन्वय गरि सम्पूर्ण वस्तीहरुमा विद्युत पुऱ्याउने कार्य भईरहेको र केहि समय भित्र सम्पूर्ण वस्तीहरुमा विद्युतको लाईन पुग्ने अपेक्षा राखिएको छ ।

**सभाध्यक्ष ज्यू**

**पृष्ठभूमि,**

सिन्धुपाल्चोक जिल्लाको उत्तर पश्चिम भेगमा अवस्थित यस हेलम्बु गाउँपालिका साविकको महाँकाल, इचोक, पाल्चोक, किउल र हेलम्बु गरि ५ वटा गा.वि.स. मिलाएर हेलम्बु गाउँपालिका गठन भएको हो । यस गाउँपालिकाको अधिकाशं भू-भाग पहाड र सुन्दर डाँडापाखाले भरिएको छ । यस गाउँपालिकाको क्षेत्रफल २८७.२६ वर्ग कि.मी रहेको छ । २०६८ को जनगणना अनुसार गाउँपालिकाको कुल जनसंख्या १७,६७१ रहेको छ । यस गाउँपालिकाको पूर्वमा पाँचपोखरी थाङपाल गाउँपालिका, पश्चिममा नुवाकोटको दुप्चेश्वर गाउँपालिका र रसुवा जिल्ला, उत्तरमा पाँचपोखरी थाङपाल र रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिका र दक्षिणमा मेलम्ची नगरपालिका रहेको छ । यस गाउँपालिका समुन्द्र सतहबाट करिब ९०० मिटर उचाई देखि ५,८०० मिटर सम्मको उच्च भू-भागमा पर्दछ । हेलम्बु गाउँपालिका सुन्दर शान्त रमणीय जुगल हिमालको सन्निकट आमा याङ्ग्रीको काखमा अवस्थित रहेको छ । माथिल्लो भू-भागमा ह्योल्मो, तामाङ गुरुङ लगायतका आदिवासी जनजाती र दलित समुदायहरुको बाहुल्यता रहेको र तल्लो बेसी भू-भागमा विशेष गरि खस, आर्य, र केहि दशनामी र दलित समुदाय जातिका व्यक्तिहरुको बसोबास रहेको छ ।

हेलम्बुको मात्र हैन देशकै गौरवको आयोजनाको रुपमा पहिचान बनाउँदै गईरहेको निर्माणाधिन हेलम्बु ग्रेट ट्रेल हाम्रो सिर्जना हो, शान हो र भविष्य पनि हो । साथै सुर्य सँगेका पु रिग्जनी ठिन्ले दुभ्क्तोम अर्यात रिग्जीन गोना नाङ्पा छेन्पो ले सन् १७२६-१७८९ ले आफु सहितको भिक्षु र गाउँलेहरुको यथासक्य सहयोगमा ह्योल्मो गाउँमा षडाक्षरी धर्मचक्र पर्खाल बनाउनु भन्ने धार्मिक ग्रन्थको हिसावले पनि यस हेलम्बु ग्रेट ट्रेल महत्वपूर्ण रहेको छ । घोप्टेघ्याङ-पाकेडाँडा-ठाडेपाटी-च्योछ्यादी सेमिसिदाङ-भेम्थाङ-ढुक्फु-आमायाङ्ग्री-ज्योमोथाङ-शेर्माथाङ-बुद्धपार्कसम्म करिव ६० कि.मी को दुरीमा गएर टुँङ्गीने यस आयोजनाको कुल लागत करिव चार अर्ब हुनेछ, जसका लागि स्रोत व्यवस्थापनमा सर्वपक्षिय सहभागिताको अपेक्षा राखिएको छ । गोसाईकुण्ड, लाङटाङ राष्ट्रिय निकुन्ज जस्ता महत्वपूर्ण पर्यटकीय स्थल नजिकबाट जाने ग्रेट ट्रेलकै बाटोमा लोपोन्मुख रेडपाण्डाको दृश्यावलोकन पनि गर्न सकिन्छ । चीनको ग्रेटवालको झल्को दिने आयोजनाको सम्पन्नता सँगै समग्र हेलम्बु र आसपासका वस्तीहरुको मुहार फेरिने अपेक्षा राखिएको छ । हालसम्म संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा बजेट विनियोजन भई ९०० मिटर निर्माण भईसकेको छ ।

आमायाङ्ग्री, घोदिज्यो, मेलम्चीघ्याङ, तार्केघ्याङ, सेर्माथाङ, गुरु-रिन्पोन्छे, ककनी, कुटुमसाङ, गोल्फु भन्ज्याङ, च्योमथली, घोप्टेघ्याङ (सेमेराङ्ग), थालागाङ, पाल्चोकी माई लगायतका महत्वपूर्ण स्थल, गुम्बा, माने, मन्दिर आदिको अवलोकन गर्दा त्यहाँ पुग्ने जोकोहिको मनै लोभ्याउने हुन्छ । यहाँका विभिन्न समुदायको अतिथि सत्कार, विशेष खालको संस्कृति परम्परा आकर्षक प्राकृतिक सौन्दर्यता, स्वच्छ वातावरण र पर्यटकीय दृष्टिकोणले गर्दा यस क्षेत्र महत्वपूर्ण रही आएको छ ।

बहुचर्चित मेलम्ची खानेपानी आयोजनाको मुख्य मुहानसँगै हेलम्बु-काठमाडौं सम्मको करिब २६.५ कि.मी.को मुख्य सुरुङ मार्ग यस गाउँपालिकाको भु-भागमा पर्दछ । गाउँपालिकामा मेलम्ची खानेपानी आयोजनाको मुहान र अन्य खोलाहरु, गोहोरे खोला, ग्याल्थुम खोला, तिम्बु खोला समेत गरी सानाठुला खोल्सा खोल्सिहरु छन्, जसबाट खानेपानी, सिचाँईलाई थप सुविधा पुऱ्याइरहेको छ । यस

गाउँपालिकाको माथिल्लो क्षेत्रको अधिकांश भू-भाग वनजंगलले ढाकिएको छ भने पालिकाको हालका मुख्य व्यापारिक केन्द्रहरु ग्याल्थुम, चनौटे, तिम्बु र किउल बगर लगायतका स्थानहरु हुन् ।

## १.१. सवल पक्ष :

- प्राकृतिक सौन्दर्यता र स्वच्छ वातावरण भएको ।
- धार्मिक विविधता तथा सांस्कृतिक सम्पदाहरु प्रशस्त भएको ।
- कृषि योग्य तथा उब्जाऊ भूमि भएको ।
- पर्यटन व्यवसायको उच्चतम सम्भावना रहेको ।
- राष्ट्रिय गौरवको बहुचर्चित मेलम्ची खानेपानी आयोजनाको मुहान भएको ।
- हिमाली जडिबुटीको प्रचुर मात्रामा सम्भावना रहेको ।
- स्याउ खेती तथा रेन्वोट्राउट माछाको लागि परिचित रहेको ।
- हेलम्बु ग्रेट ट्रेल र नमूना विद्यालयको कार्य प्रारम्भ भएको ।
- विश्वको दूर्लभ रेडपाण्डा रहेको ।
- धार्मिक र पर्यटकीय क्षेत्र गुरु-रिन्पोछेँ, पद्मसम्भव, मिलारेप्पा लगायत महत्वपूर्ण लामाहरुको तपोभूमी रहेको ।
- धार्मिक क्षेत्रको हिसावले पाल्चोकी माई र माहाँकाली निन्देश्वरी मन्दिर रहेको ।
- विभिन्न समुदाय र संस्कृती अवलोकन गर्न सक्ने बस्ती रहेको ।
- विभिन्न स्थानमा ऐतिहासिक गुम्बाहरु रहेको ।

## १.२. दूर्वल पक्ष

- जटिल भौगोलिक अवस्थिती रहेको ।
- स्थानीय स्तरमा रहेको स्रोत साधनको समुचित प्रयोग हुन नसकेको ।
- ग्रामिण सडकहरुको अवस्था सुधारोन्मुख रहेता पनि बर्षायाममा यातायातमा केहि कठिनाई रहेको ।

## १.३. अवसर

- हेलम्बु ग्रेट ट्रेलको माध्यमबाट पर्यटन प्रवर्द्धनको लागि देशकै राजधानी काठमाडौँमा बसोवास गर्ने ५०-५५ लाख जनसंख्यालाई आन्तरिक पर्यटनको रुपमा वार्षिक १५ देखि २० लाख पर्यटकलाई भित्र्याउन सक्ने सम्भावना रहेको हुनाले यहाँको जनताको आर्थिक स्तरमा परिवर्तन ल्याउन सकिने ।
- हेलम्बु गाउँपालिका र रसुवाको स्याप्रुबेशी सम्म १८ किलोमिटर टनेल देशको राजधानी जोड्ने राजमार्गको रुपमा निर्माण गर्न सकिने सम्भावना रहेको ।
- पर्यटन प्रवर्द्धनको लागि गाउँपालिकामा रहेको सेमीसिदाङमा स्की ट्रेनिङ सेन्टर, विभिन्न स्थानहरुमा क्यानोनिङ्ग र वडा नं ६ घोप्टेघ्याङमा प्याराग्लाईडिङको विकास गर्न सकिने ।
- हेलम्बु गाउँपालिकाको भेमथाङमा बेस क्याम्प स्थापना गरि नेपालमा हाल सञ्चालनमा आएको माउन्टेनियरिङ विद्यालयका विद्यार्थीहरुलाई ट्रेनिङ गर्ने ठाउँको रुपमा विकास गर्न सकिने ।

- हेलम्बु, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा चर्चित नाम हुनु नै एउटा सुनौलो सम्भावना र अवसर पनि हो ।
- प्राकृतिक स्रोत साधन, भु-बनौट र राजधानीसँगको निकटताले विकासको प्रवल सम्भावना रहेको ।
- कला संस्कृति, ऐतिहासिक सम्पदा, हावापानीको दृष्टिकोणले पर्यटन विकासमा अब्बल सम्भावना रहेको ।
- जलस्रोत, जडीबुटी, कृषि तथा वनको उचित प्रयोगबाट आर्थिक विकासको अवसर रहेको ।
- अविरल बगिरहने मेलम्ची नदी तथा अन्य सहायक खोलालाई सदुपयोग गरी स्थानीय स्तरमा आय आर्जन बढाउन सकिने ।
- स्याउ, आलु, चिया, अलैंची, किवि जस्ता तुलनात्मक लाभका नगदे बालीहरुको राम्रो उत्पादन हुने गरेको ।
- शैक्षिक क्षेत्रको विकासका लागि १ क्याम्पस, ९ मा.वि. र २५ आधारभूत तह साथै निर्माणाधीन नमूना विद्यालयलाई शैक्षिक हवको रुपमा विकास गरी साक्षरता अभिवृद्धि गर्न सकिने ।
- काठमाडौंबाट नजिकको दुरीमा रहेको पर्यटकीय गन्तव्य ।
- वडा नं १ स्थित डिमादावा र पाङगाङमामा निर्मित झोलुङ्गे पुललाई बञ्जिजम्पीङ्गको रुपमा विकास गर्न सकिने ।

## १.४. चुनौती

- हालै बाढीले ट्राउट पालन फर्महरु बगाएका कारण व्यवसाय सुरुवात गर्न ठुलो लगानी आवश्यक भएको ।
- सिमित स्रोत र साधनले शिक्षाको गुणस्तर अभिवृद्धि र साक्षरता दर बढाउनु पर्ने ।
- परम्परागत खेतीलाई व्यवसायीकरण र आधुनिकीकरण गर्नु पर्ने ।
- कर्मठ युवाहरु विदेशीने प्रवृत्ति तथा बसाई-सराईलाई न्यूनीकरण गर्न आवश्यक योजना तर्जुमा गर्नुपर्ने ।
- हेलम्बु क्षेत्रमा स्थानीय रुपमा उत्पादन हुने खाद्यान्न, नगदेवाली, दुग्धजन्य पदार्थ लगायतका वस्तुहरुको प्रचार प्रसार र बजार व्यवस्थापन गर्न आवश्यक भएको ।
- भौगोलिक विकटताका कारणबाट सरकारले दिने सेवा सुविधा जनता समक्ष छिटो र छरितो रुपमा प्रवाह गर्न कठिनाई रहेको ।
- गाउँपालिका क्षेत्र लाङटाङ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्ने र अधिकांश भु-भाग जंगली भेग भएको हुनाले जंगली जनावरको कारण बालीनाली नष्ट गर्ने र सो को संरक्षण गर्न कठिनाई रहेको ।

## १.५. बार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमाका लागि अपनाइएको पद्धति

सहभागितामुलक गाउँपालिकाको योजना तर्जुमा पद्धति तथा लोकतान्त्रिक गणतन्त्रात्मक संघीयताको मर्म अनुरुप सार्वभौमसत्ता सम्पन्न जनताको शासन प्रक्रियामा आधिकारिक रुपमा सहभागिता गराई संघीयताको माध्यमबाट आफ्नो विकास आफै गर्न, आन्तरिक स्रोत साधनको पहिचान र परिचालन गरी प्रत्येक गाउँ, टोल, बस्ती तथा वडास्तरीय भेला गराई विभिन्न स्थानीय वासी,

बुद्धिजिवी, राजनीतिक दलहरु, विभिन्न संघ संस्था लगायत सम्पूर्ण सरोकारवाला निकायहरुसँगको सल्लाह सुझावको आधारमा योजना तर्जुमा समिति, एकिकृत योजना तर्जुमा समिति हुँदै, समुदायका जनताको भावना र चाहना अनुरुप योजना तथा कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै कार्यान्वयनका लागि गाउँपालिकाको योजना तथा कार्यक्रममा समावेश गरिदैं आएको छ । यस आ.व मा हाल विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को दोस्रो भेरियन्टबाट केहि व्यक्तिहरुमा संक्रमण देखिएको हुँदा त्यस पद्धतीलाई अपनाउन कठिन भएका कारण विभिन्न माध्यमहरुबाट जस्तै फोन, इमेल लगायत वडामा रहनु भएका जनप्रतिनिधीहरु मार्फत टिपोट गरि सवै समेट्ने कोशिस गरेको छु साथै यसमा केहि कमी कमजोरी रहेको भएमा सम्पूर्ण हेलम्बुबासी जनताहरुप्रति क्षमाप्रार्थी छु ।

स्थानीय जनताको प्रत्यक्ष संलग्नता र सहयोगमा स्थानीय सरकारका जनप्रतिनिधीहरुले आवश्यक योजना पहिचान, प्राथमिकिकरण, योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रिया अगाडि बढाएका कारण योजनाप्रति जनताको अपनत्वको भावना विकास भई योजनाले दिगोपन समेत हासिल गर्न सक्ने भएकोले यसै प्रक्रिया मार्फत नै सम्वृद्ध र देशकै नमुना गाउँपालिकाको रुपमा परिचित गराउन सफल भएको छु । यसबाट हामी सबै हेलम्बुबासीहरु गौरवान्वित भएको महशुस भएको छ । यस महान कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधी, कर्मचारी, बुद्धिजिवी, राजनैतिक दल लगायत सम्पूर्ण हेलम्बुबासीहरुलाई हृदय देखि धन्यवाद दिदैं आगामी दिनहरुमा पनि यस्तै खालको साथ र सहयोगको अपेक्षा राखेको छु ।

**१.६. आयोजना प्राथमिकिकरणका आधारहरु :**

नेपाल सरकारबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट निर्देशित योजनाका प्राथमिकिकरणका आधार अनुरुप तयार गरि योजना तर्जुमा गरिएको छ ।

- भौतिक पूर्वाधार क्षेत्र सुधार कार्यक्रम
- पर्यटन प्रवर्द्धन तथा कला संस्कृतिको संरक्षण सम्वर्द्धन कार्यक्रम
- गुणस्तरीय शिक्षा, शैक्षिक विकास तथा साक्षरता वृद्धि कार्यक्रम
- गुणस्तरीय स्वास्थ्य सेवा कार्यक्रम
- कृषि सडक तथा पर्यटन मार्गको स्तरउन्नती कार्यक्रम तथा आयोजनाहरु
- स्थानीय स्तरमा आर्थिक विकासको लागि सिपमूलक तथा रोजगार प्रवर्द्धन कार्यक्रम
- कृषि उत्पादकत्व र बजारीकरण बढाउने कार्यक्रम
- स्थानीय स्रोत साधन तथा जनशक्ति परिचालन
- सामाजिक, राजनैतिक तथा आर्थिक हिसाबले पिछडिएको दलित, जनजाती, महिलाहरुलाई आयमुलक तथा सिपमूलक कार्यक्रम
- जलस्रोत, व्यापार र व्यवसाय सुधार कार्यक्रम
- गैह्र सरकारी संस्थासंग समन्वय साझेदारी

## खण्ड २
## चालु आ.ब. २०७७/७८ को समिक्षा :

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्षको वर्तमान स्थितिबारे जानकारी गराउने अनुमती चाहान्छु । गत आर्थिक वर्ष हेलम्बु गाउँपालिकाको कुल बजेटको हालसम्म चालु तर्फ ८० प्रतिशत र पुँजीगत तर्फ ७२ प्रतिशत खर्च भएको देखिएको छ ।

यसरी पूँजीगत र चालु दुवै तर्फको बजेटको खर्चलाई हेर्दा उत्कृष्ट रुपमा सन्तोषजनक रहेको छ । जिल्लामा पुँजीगत वा विकास बजेटको खर्च गर्ने क्षमतामा हेलम्बु गाउँपालिका अग्रस्थानमा रहेको छ । पूँजीगत र चालु दुवै तर्फको बजेटको खर्चले प्रशस्त रोजगारीका अवसरहरु सिर्जना भएको छ ।

चीनको वुहान शहरमा सन २०१९ डिसेम्बर ३१ बाट सुरु भएको नोवेल कोरोना भाईरसका कारण हुने कोभिड १९ को दोस्रो भेरियन्ट यूरोप, अमेरीका, खाडी मुलुक, भारत हुँदै नेपालका सम्पूर्ण जिल्लाहरुमा भित्रिसकेको छ । यस बीचमा हेलम्बु गाउँपालिकाका विभिन्न व्यक्तिहरुमा पनि यसको संक्रमण रहेकाले यसको रोकथाम तथा नियन्त्रणका लागि नियमित स्वास्थ्य सेवाको सुदृढिकरण, स्वयंसेवक चिकित्सकहरुबाट घरघरमा स्वास्थ्य परिक्षण, गाउँपालिकाको स्वास्थ्य शाखाबाट नियमित चिकित्सकिय स्वास्थ्य सेवा, शंकास्पद व्यक्तिहरुको पि.सि.आर परिक्षण, बिरामीहरुलाई सुरक्षित राख्नका लागि क्वारेन्टाईन स्थलको पहिचान तथा व्यवस्थापन, सुदृढ एम्बुलेन्स सेवा सञ्चालन गरिरहेको छ ।

हेलम्बु गाउँपालिकाको भौगोलिक परिस्थिती र सुत्केरी आमाहरु स्वास्थ्य संस्था सम्म सुत्केरी जाँचका लागि जान असहज परिस्थितिलाई मध्यनजर गर्दै सुत्केरी पश्चात गरिने ३ दिन र ७ दिनको सुत्केरी जाँचका लागि स्वास्थ्य संस्थासम्म जँचाउन आउनुपर्ने कार्यलाई बन्द गरि उक्त जाँचको लागि स्वास्थ्यकर्मी नै प्रत्येक सुत्केरीको घरघरमा पुगी सेवा दिने व्यवस्था मिलाईएको छ । जसका लागि प्रति सुत्केरी परिक्षण स्वास्थ्यकर्मीलाई मापदण्ड अनुसार थप प्रोत्साहन भत्ता उपलब्ध गराईने व्यवस्था मिलाइने छ । जसका कारण महिला र बालबालिकाहरुको स्वास्थ्य सुधारमा उलेख्य प्रगति हुने अपेक्षा राखिएको छ ।

कृषि विकास शाखा अन्तर्गत हिउँदे फलफूलका विरुवाहरुमा ५०% अनुदानमा किवि विरुवा ३१०० वटा, नास्पाती २५० वटा, ईटालियन ओखर ५५० गोटा र ईटालियन ग्राफ्टिङ्ग स्याउ २००० वटा विरुवा वितरण गरिएको छ । विशेष गाउँ सभाबाट पारित भएका १५ वटा कृषि तथा पशुपालन फर्मका लागि साझेदारी अनुदान कार्यक्रम संचालन भएको, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत (शसर्त) कार्यक्रम आलुमा २ वटा अर्गानिक पकेट क्षेत्र संचालनमा रहेका छन् । बहुवर्षिय नर्सरी स्थापनाका लागि स्थान छनौट सहित कार्यक्रम संचालनमा रहेको डिजिटल प्रविधिवाट माटो परिक्षण गराई माटोमा भएको खाद्यतत्वको अवस्था जानाकारी लिन digital soil test lab का सामान खरिद गरी संचालन हुने अवस्थामा रहेको छ ।

पशु विकास शाखा अन्तर्गत पन्छीहरुमा लाग्ने सरुवा रोग रोकथामका लागि निःशूल्क १५००० गोटा बोइलर कुखुरामा खोप सेवा, छाडा सामुदायिक कुकुरहरुको स्थायी बन्ध्याकरण male,female १४५, मेडिकल उपचार सेवा तर्फ २२४५, माईनर सर्जिकल उपचार सेवा ५१०, गाईनालोजिकल उपचार सेवा ४८७, कृत्रिम गर्भाधान सेवा गाई-२१६, भैंसी १०६ र सर्शत कार्यक्रम अन्तर्गत पि.आई.एम व्यवसायिक पकेट १३ वटा संचालनमा रहेका छन् ।

शिक्षा क्षेत्र सुधारको लागि गत आ.व मा हेलम्बु गाउँपालिका भित्र संचालनमा रहेका विद्यालयहरुको कर्मचारीको तलव समयमै निकासा गरिएको, करार शिक्षक नियुक्ति कार्य सम्पन्न गरिएको, कक्षा ८ को परिक्षा व्यवस्थित रुपमा सम्पन्न गरिएको, विद्यालयको अनुगमन, निरीक्षण र सहजिकरण गरिएको, सामुदायिक विद्यालयहरुमा दिवा खाजाको मेनु वितरण गरी प्रभावकारी र मापदण्ड अनुरुप खाजा कार्यक्रम संचालन गरेको, नियमित रुपमा प्र.अ बैठक बसी शैक्षिक विकासको निम्ति छलफल गरिएको, हेलम्बु गाउँपालिका बाल सञ्जालको २ वटा अन्तर विद्यालय प्रतियोगिता

सञ्चालन भएको, संघ संस्थाहरुसँग सौहार्द समन्वय गरि विद्यालयमा प्रभावकारी कार्यक्रम गराइएको र विद्यालयगत सामाजिक लेखा परिक्षण समयमै सम्पन्न गरिएको छ ।

हेलम्बु गाउँपालिकामा रहेको प्राकृतिक श्रोत (मुहान)बाट लगिएको मेलम्ची **(हेलम्बु)** खानेपानी काठमाडौंमा पठाउने कार्य सम्पन्न भईसकेको भएता पनि हालसम्म हेलम्बु गाउँपालिकालाई उपलब्ध गराउने रोयल्टीको सम्बन्धमा बारम्बार अनुरोध गर्दा हालसम्म कुनै निर्क्यौल नभएको तथा यहाँको पानी काठमाडौमा लगेर काठमाडौंको जनतालाई विक्रि गर्ने भएको हुनाले काठमाडौंमा वितरण गर्ने पानीको विक्रि मुल्यको २५ प्रतिशत गाउँपालिकालाई उपलब्ध गराउनुपर्ने र काठमाडौं बासीलाई उक्त पानी निशुल्क उपलब्ध गराएमा हामीले पाउनुपर्ने २५ प्रतिशत पनि दावी नगर्ने जानकारी गराईसकेको छ ।

राजधानी काठमाडौंलाई चीनसँग जोड्ने वैकल्पिक मार्गको रुपमा विकास गर्नको लागि हेलम्बु गाउँपालिकाको सर्कथली देखि रसुवाको स्याफ्रुसम्म जोड्ने सुरुङमार्ग निर्माणको पूर्व सम्भाव्यता अध्ययन प्राविधिक कारणले हुन नसकेको हुनाले सो कार्यलाई यस आ.व मा उक्त सडकको Fisibility Study Report तयार गर्ने कार्य अगाडि बढाइने छ । साथै हेलम्बु गाउँपालिकाले संघ तथा प्रदेश सरकारबाट प्राप्त विशेष तथा समपुरक अनुदान यस आ.व.को चैत्रमा मात्र प्राप्त भएकोले सो अनुदानबाट बहुवर्षिय प्रक्रिया अपनाई हेलम्बु मोडल विद्यालय (ज्याम्बेयाङ आधारभूत विद्यालय), ५ र ६ नं वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न भईसकेको र हेलम्बु गाउँपालिकामा १५ शैयाको अस्पताल तथा वडा नं ७ को वडा कार्यालय भवन पनि टेण्डर प्रक्रिया सम्पन्न भई निर्माण कार्य अगाडि बढाउने चरणमा रहेको हुँदा यस आ.वमा उक्त वडा कार्यालय भवन पनि निर्माण सम्पन्न गर्ने अपेक्षा राखिएको छ । साथै यस गाउँपालिकाको आफ्नै प्रशासकीय भवनको डि.पि.आर लगायतका कार्यहरु सम्पन्न भइसकेको हुँदा यस आ.व मा बजेटको व्यवस्था गरि टेण्डर प्रक्रिया अगाडि बढाई निर्माण कार्यको थालनी गरिनेछ ।

हेलम्बु गाउँपालिका वडा नं १ मा पर्ने डिमा दावा पाङगाङ बीचमा ३७० मिटर लामो झोलुङ्गे पुल निर्माण कार्यलाई प्रदेशको पूर्वाधार विकास कार्यक्रममा समावेश गरि टेण्डर प्रक्रिया समेत सम्पन्न भईसकेको छ । हेलम्बुबाट लाङटाङ जोड्ने हेलम्बु सेमिसिदाङ लाङटाङ पर्यटन मार्ग निर्माण कार्य सेमिसिदाङ सम्म गत आ.व मै सम्पन्न भएको र यस आ.व मा पनि पर्यटन मन्त्रालयबाट निरन्तर कार्यक्रममा समावेश भई टेण्डर समेत भईसकेको हुनाले यस आ.व मै लाङटाङ सम्म पर्यटन मार्ग निर्माण सम्पन्न हुने छ । यसले लाङटाङमा जाने पर्यटकहरु हेलम्बुमा आउने र हेलम्बुबाट लाङटाङ आवतजावतका लागि छोटो दुरी भएको हुनाले आवातजावतमा सहज भई हेलम्बुको पर्यटन प्रवर्द्धनमा वृद्धि हुने छ ।

**सभाध्यक्ष महोदय,**

## खण्ड ३
## आगामी आ.ब. २०७८/७९ को नीति तथा कार्यक्रम

**३.१. सोच :** "**हेलम्बु गाउँपालिकाको अभियान, नमुना गाउँपालिकाको निर्माण**", भन्ने संकल्प राखिएको छ ।

**३.२. लक्ष्य :**

यस हेलम्बु गाउँपालिकामा आगामी वर्षहरुमा हेलम्बु ग्रेट ट्रेल जस्तो महत्वपूर्ण भौतिक पूर्वाधार, कृषि, सडक, शिक्षा, स्वास्थ्य, रोजगार, उर्जा विकास र उद्यमशिलता विकास गर्ने लक्ष्य राखिएको छ । साथै पर्यटकीय दृष्टिकोणले हेलम्बु सेमिसिदाङ हुँदै लाङटाङ जाने पर्यटन मार्ग, हेलम्बु गाङ्गजाला पास हुँदै लाङ्गटाङ्गको क्यान्जेन गुम्बा जाने पर्यटन मार्ग, हेलम्बु भेम्थाङमा बेस क्याम्प स्थापना गरि त्यस भेगमा स्की ट्रेनिङ सेन्टर (Ski Trainnig Center) बनाउने लगायत महत्वपूर्ण पर्यटकीय क्षेत्रको विकास गर्ने लक्ष्य राखिएको छ ।

## ३.३. उद्देश्य :

हेलम्बु गाउँपालिकालाई नमुना गाउँपालिका बनाउने संकल्प अनुरुप क्षेत्रगत योजनाहरुलाई प्राथमिकीकरण गरि उपभोक्ताहरुसंग चैत्र मसान्त भित्रै सम्झौता गर्ने तथा कार्यान्वयनमा ल्याउने र स्थलगत अनुगमन तथा निरिक्षण गरी योजनाहरु समयमा नै सम्पन्न गर्ने उद्देश्य राखिएको छ ।

## ३.४ अपेक्षित उपलब्धी :

हेलम्बु गाउँपालिकाको आ.व. २०७८/७९ को बजेट तथा कार्यक्रमको जुन उद्देश्य राखि तयार गरिएको छ, त्यसलाई सार्वजनिक, सामुदायिक र निजी क्षेत्रको सहकार्यबाट हासिल गर्न अधिकतम पहल गरिने छ । सम्पूर्ण वडा कार्यालयहरु बाह्रै महिना सञ्चालन हुने सडक सञ्जालले जोड्ने तर्फ विशेष पहल गरिने छ ।

सार्वजनिक सेवा प्रवाह चुस्त दुरुस्त र जनमुखी हुने छ । फलफुल र तरकारी जन्य वस्तुको उत्पादनमा आत्मनिर्भरता तर्फ अगाडि बढाइने छ । जनतालाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइने छ । निर्माण आरम्भ भएको हेलम्बु ग्रेट ट्रेल र नमुना विद्यालयले निर्माणमा तीव्रता प्राप्त गर्नेछ । साथै उपरोक्त कारणहरुले गर्दा वार्षिक अधिकतम पर्यटकले हेलम्बु गाउँपालिका भ्रमण गर्न सघाउ पुग्ने छ ।

## ३.५ वार्षिक बजेट कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख आधारहरु

### ३.५.१. बजेट निर्माणका आधारहरु

- नेपालको मौजुदा संविधान
- स्थानीय सरकार सञ्चालन ऐन
- पन्ध्रौं आवधिक योजना
- जनसंख्या र भौगोलिक बनावट
- बस्ती स्तरबाट आएका मागहरु
- वडा स्तरबाट माग भई आएका कार्यक्रमहरु
- विषयगत समितिबाट सिफारिस भई आएका कार्यक्रमहरु

### ३.५.२ बजेटका आर्थिक आधारहरु

- नेपाल सरकारबाट विनियोजित रकम
- प्रदेश सरकारबाट प्राप्त हुने रकम
- राजश्व बाँडफाडबाट प्राप्त हुने रकम

- आन्तरिक स्रोत मार्फत संकलन हुने रकम
- विभिन्न गैर सरकारी संघ संस्थाबाट प्राप्त हुने सहयोग

**३.६ मुख्य मुख्य आयोजना र क्रियाकलापहरुः**

हेलम्बु गाँउपालिकाको नवौं गाउँसभामा आर्थिक बर्ष २०७८/७९ को लक्ष्य, उद्देश्य, नीति एवं रणनीतिहरुलाई मध्यनजर गरि नीति तथा कार्यक्रम तयार गरिएको छ । **योजनावद्ध विकास नै दिगो विकासको मुलभूत आधार** भन्ने सैद्धान्तिक मान्यता अनुरुप आगामी आर्थिक वर्षका लागि गाँउपालिकाको निम्नानुसारको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

१. हेलम्बु गाउँपालिका **बुद्धपार्क- सेर्माथाङ- ज्योमथाङ- आमायाङ्ग्री- दुक्पु- भेमथाङ- पासाङसिरी- गुफुपोखरी- जलंसा- दवालाङ्गगुफा- सेमिसिदाङ्ग- भेयस्री- सोली- ठाडेपाटी- पाकेडाँडा- घोप्टेघ्याङ सम्म हेलम्बु हिमालयन पदमार्ग**, (**The Helambu Himalayan Great Trail**) गत आर्थिक वर्ष देखि नै निर्माणाधीन रहेको हेलम्बु ग्रेट ट्रेल हेलम्बु गाउँपालिका वडा नं ६ घोप्टेघ्याङमा हालसम्म ५०३ मिटर निर्माण भएको, वडा नं ३ नागीडाँडा बुद्धपार्कमा २९७ मिटर निर्माण भएको र वडा नं २ शेर्माथानमा १०० मिटर निर्माण सम्पन्न भइसकेको हुँदा उक्त कार्यलाई निरन्तरता दिदै लगिने छ साथै छिमेकी गाउँपालिका, देशैभरि रहेका स्थानीय तहहरु, पर्यटन व्यवसायी, उद्योग वाणिज्य संघ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा रहेका हेलम्बुवासी तथा अन्य सम्पूर्ण नेपालीहरुलाई पनि उक्त गौरवको आयोजनामा लगानीको हात बढाउन आव्हान गर्दछौं । स्थानीय सिप, ढुङ्गा र जनशक्तिबाट नै निर्माण भइरहेको ऐतिहासिक ग्रेट ट्रेल सम्पन्न गर्नको लागि काठमाण्डौं उपत्यका भित्रका सवै महानगरपालिका तथा नगरपालिकाहरु, लगायत सम्पूर्णमा सहयोगको लागि आव्हान गर्दछौं । साथै आ-आफ्नो लगानीमा बनेका पर्खालका क्षेत्रहरुमा इतिहासलाई जिवित राख्न सम्बन्धित पक्षको नाम लेख्न सक्ने सुविधा समेत प्रदान गरिएको छ ।

२. **जनताको स्वास्थ्य हाम्रो दायित्व** : हेलम्बुबासीको स्वास्थ्य सुरक्षाको ग्यारेन्टि गर्नु हेलम्बु गाउँपालिकाको प्रमुख दायित्व हो । हाल कुनै जटिल रोग लागेमा आफ्नो सम्पूर्ण सम्पत्ति लगाउँदा समेत उपचार हुन नसक्ने अवस्थालाई मध्यनजर गरी **जनताको स्वास्थ्य हाम्रो दायित्व** कार्यक्रम सञ्चालन गरि हेलम्बु गाउँपालिका भित्र बस्ने सम्पूर्ण हेलम्बुबासीहरुको न्यूनतम लागत सहभागीतामा सम्पूर्ण हेलम्बुबासीहरुको उपचार गाउँपालिकाले निशुल्क गर्ने व्यवस्था मिलाउन आवश्यक संयन्त्र सहित नीतिगत व्यवस्था गरी यसै आ.व देखि कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरि उक्त कार्यक्रमको सुरुवात गरिने छ ।

३. असार १ गते आएको मेलम्ची खोलाको बाढीबाट पूर्णरुपमा विस्थापित भई बासस्थान नभएकाहरुलाई टेण्ट तथा त्रिपालमा सुरक्षित स्थानमा राख्ने कार्य सम्पन्न भएको र वर्षायाममा टेण्ट भित्र मात्रै बसोवास गर्न कठिनाई हुने महसुश गरि तत्कालै स्थायी घर निर्माण नभएसम्मको लागि जस्ताको ३ कोठे अस्थायी टहरा निर्माण कार्य प्रारम्भ गरिएको छ । यस कार्यलाई छिटो भन्दा छिटो सम्पन्न गरी स्थायी आवास निर्माणको कार्य अगाडि बढाउनको लागि सर्वेक्षकटोली समेत प्रत्येक वडा वडामा खटाईसकेको र पूर्ण रुपमा क्षति भएका मोटरेवल पुल, झोलुङ्गे पुल, मोटरबाटो लगायत सम्पूर्ण संरचनाहरु यथाशिघ्र संचालन गर्नको लागि संघ

र प्रदेश सरकारसँग समन्वय गरि छिटो भन्दा छिटो हेलम्बुलाई पहिलेकै अवस्थामा फर्काउनका लागि सम्पूर्ण ध्यानकेन्द्रित गरिनेछ ।

४. हेलम्बु गाउँपालिकामा पर्यटन तथा आन्तरिक स्रोत वृद्धि गर्नको लागि गाउँपालिका वडा नं १ डिमादावा र पाङगाङमा पर्ने पुल निर्माण कार्य भइरहेको हुँदा उक्त पुल यस आ.व मा सम्पन्न हुने र सम्पन्न भए पश्चात **बञ्जीजम्पीङ** सञ्चालनमा ल्याउने कार्यको लागि विशेष पहल गरिनेछ र यसबाट हेलम्बुको पर्यटन प्रवर्द्धनमा ठुलो टेवा पुग्ने अपेक्षा राखिएको छ ।

५. गाउँपालिकाको गत आर्थिक वर्षको कार्यक्रममा रहेको **काठमाण्डौ हेलम्बु रसुवागडी फाष्टट्रयाक मिलारेपा मार्ग (काठमाडौं देखि हेलम्बु ५५ कि.मी र हेलम्बु देखि रसुवा स्यापुवेशी १८ कि.मी टनेल मार्ग)** (Milarepa Marg) मित्र राष्ट्र चीनको One Belt One Road जोड्ने उद्देश्य अनुरुप रसुवागढी हेलम्बु सुरुङ मार्ग हुँदै काठमाण्डौसँग जोड्ने छोटो फाष्टट्रयाक निमार्ण गर्ने कार्य अनुरुप गत आ.व Fisibility Study Report तयार गर्ने कार्यक्रम राखिएकोमा हाल विश्वव्यापी महामारिको रुपमा फैलिएको कोभिड १९ को कारण सम्पन्न नभएको हुनाले आगामी आ.व को सुरुवातको महिनादेखि नै उक्त कार्यलाई तीव्रता दिई सम्पन्न गरिने छ । यस मार्गलाइ रसुवा, नुवाकोट र हेलम्बुसँग जोडी प्रदेश चक्रपथ (Ring Road) को रुपमा विकास गर्नको लागि प्रदेश सरकार र संघीय सरकार सँग विशेष पहल गरिने छ ।

६. हेलम्बु गाउँपालिकाको विभिन्न वस्तीहरुलाइ (पाल्चोक-ढोडेनी-चित्रे-नुर्वुलिङ-तिम्बु-आम्राङ, रिवर्मा, तार्तुङ, ठूलोदुंगा, ढुङडिङ, इचोक, ढापचुङ, सुरसिं-पातिङ-थलडाँडा-बोल्दे-खरवुजे छाँजो-चित्रे गोम्देन) **ङ्याङ्ला आनि आस्याङ कृषि सडक** बाट गाउँपालिकाको खेतियोग्य भूभाग र वस्तीहरुलाई जोड्ने लक्ष्य राखिएकोमा उक्त सडकको (पाल्चोक सातधारा ढोडेनी हुँदै गाउँपालिका केन्द्र र ढापसुङ सोल्सीङ थलडाँडा हुँदै ५ नं वडा) समेत जोडि सकेको हुनाले अव थप केहि ठाउँहरु मात्र जोड्न बाँकि भएको हुँदा यस आ.व मा बाँकि रहेको ठाउँहरुलाई जोड्नको लागि विशेष पहल गरिने छ । सो सडकको सम्पूर्ण भागहरुको यस आ.व मा नै डि.पि.आर तयार गरिने छ साथै यस कार्यक्रमबाट थप खेतीयोग्य जमिनहरु पनि उपयोगमा आउने र सडक सञ्जाल समेत वृद्धि हुने भएकोले यसबाट पर्यटन प्रवर्द्धन र कृषि उत्पादन वृद्धि गराउन ठुलो योगदान पुग्ने अपेक्षा राखिएको छ ।

७. हेलम्बु गाउँपालिकाको पर्यटन प्रवर्द्धन तथा यातायात सहजताका लागि गाउँपालिका भित्रका ग्याल्थुम-पाल्चोकवेशी-पाल्चोक देवीथान-ककनी-बुद्धपार्क-सेर्माथाङ-घ्याङग्यूल-तार्केघ्याङ-नाकोते-मेलम्चीघ्याङ/घवागाङ/घोप्टेघ्याङ(सेमेराङ)/-कुटुमसाङ-भ्रोङेन-चित्रे-च्योमथली-मानेडाँडा हुँदै ग्याल्थुम लगायतका स्थानहरुलाई समावेश गर्ने गरि **गाउँपालिका स्तरीय चक्रपथ** (Ring Road) **हिमालयन मार्ग** को डि.पि.आर सँगै निर्माण कार्य समेत अगाडि बढाईएकोमा चालु आ.व मा यस भित्र पर्ने विभिन्न स्थानहरुमा सडक जोडिसकेको हुनाले आगामी आ.व मा बाँकी रहेका स्थानहरुमा सडक निर्माण गरी छिटै गाउँपालिका स्तरीय चक्रपथ हिमालय मार्ग सञ्चालनमा ल्याउनको लागि विशेष पहल गरिने छ ।

८. यस हेलम्बु गाउँपालिका क्षेत्रको पर्यटन विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ गाउँपालिका भित्र पर्ने भेमथाङ लाई **Mountaineering Training Centre** र सेमिसिदाङ लगायतका

स्थानहरुमा **Ski Training Centre** को रुपमा विकास गर्न आवश्यक कार्यको सुरुवात गरिएको छ । साथै  हेलम्बु र लाङटाङ क्षेत्रलाई एउटै पर्यटन जोनको रुपमा विकास गर्नको लागि हेलम्बु गाङजाला पर्यटन मार्ग, हेलम्बु सेमिसिदाङ लाङटाङ पर्यटन मार्ग र हेलम्बु गोसाईकुण्ड पर्यटन मार्ग निर्माण कार्य तिव्र गतिमा भईरहेकोमा हेलम्बु सेमिसिदाङ हुँदै लाङटाङ जोड्ने कार्य अन्तिम चरणमा रहेको हुँदा सेमिसिदाङ-गुफु हुँदै गाञ्जाला सम्मको पदमार्गको अध्ययन समेत भईसकेको हुनाले उक्त पर्यटन मार्गलाई सम्पन्नता दिई **हेलम्बु उच्च पदमार्ग** को रुपमा विकास गरि हेलम्बु गाउँपालिकाको पर्यटन प्रवर्द्धनमा ठुलो फड्को मार्ने अपेक्षा राखिएको छ ।

९. **समय र हाम्रो माग-दिर्घरोगीहरूलाई निशुल्क औषधीद्वारा सम्मान** :  हाल विश्वव्यापी रुपमा फैलिएको नोवेल कोरोना भाईरस (कोभिड १९) को कारण भएको बन्दाबन्दी र त्यसबाट उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै हेलम्बु गाउँपालिका क्षेत्रभित्र बसोवास गर्ने दिर्घरोगीहरुलाई निशुल्क रुपमा उनीहरुले सेवन गरिरहेको औषधी उपलब्ध गराईएकोमा यस कार्यबाट दिर्घरोगीहरुलाई ठुलो राहत भएको महशुस भएको हुँदा यस आ.व मा पनि उक्त कार्यलाई निरन्तरता दिई आवश्यक बजेटको व्यवस्था मिलाइने छ ।

१०. **विपद् सुरक्षित केन्द** (Disaster Evacuation Center) : नेपाल लगायत विश्वमा बारम्बार आईपर्ने महामारी, भूकम्प, बाढीपहिरो लगायत विपदलाई मध्यनजर गर्दै हेलम्बु गाउँपालिकाको प्रत्येक वडास्तरमा विपद् न्यूनीकरणको लागि आवश्यक पर्ने १५०० देखि २००० जनाको क्षमता भएको सुविधा सम्पन्न पूर्वाधारका संरचना निर्माण गर्नका लागि आगामी आ.व. देखि विभिन्न संघसंस्थासँग समन्वय गरी बस्ती भन्दा टाढाको ठाँउ एकिन गरी विपद ्पूर्व तयारीको लागि विपद् सुरक्षण केन्द्र (Disaster Evacuation Center) निर्माण गर्ने कार्यक्रम रहेकोमा आगामी आ.व मा उक्त कार्य गर्नको लागि स्थान छनौट गरी कुनै एक स्थानमा सुरक्षित केन्द्र निर्माणको लागि डि.पि.आर तयार गरी आवश्यक कार्य अगाडि बढाई बजेटको व्यवस्था गरिएको छ ।

११. हेलम्बु गाउँपालिकाको विशेष पहलमा यस गाउँपालिका भित्र १५ शैयाको अस्पताल निर्माणको लागि टेण्डर प्रक्रिया समेत सम्पन्न भई सकेको हुनाले यस अस्पतालको निर्माण कार्यलाई तोकिएकै समय भित्र निर्माण सम्पन्न गराउने तर्फ गाउँपालिकाको विशेष पहल रहने छ ।

१२. **घरघरमै सुत्केरी आमाहरू जाँच** : हेलम्बु गाउँपालिकाको भौगोलिक परिस्थिती र सुत्केरी आमाहरु स्वास्थ्य संस्था सम्म सुत्केरी जाँचका लागि जान असहज परिस्थितिलाई मध्यनजर गर्दै सुत्केरी पश्चात गरिने ३ दिन र ७ दिनको सुत्केरी जाँचका लागि स्वास्थ्य संस्थासम्म आउनुपर्ने कार्यलाई बन्द गरी उक्त जाँचको लागि स्वास्थ्यकर्मी नै प्रत्येक सुत्केरीको घरघरमा पुगी सेवा दिने व्यवस्था मिलाईएकोमा उक्त कार्यले स्वास्थ्य सुधारमा उल्लेख्य प्रगति देखिएको हुँदा उक्त कार्यलाई निरन्तरता दिँदै यसको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

१३. **मानवको बौद्धिक विकास गति**: बालबालिकाको बौद्धिक विकास गर्भमा रहँदा ३० प्रतिशत, जन्मेको १ वर्ष भित्र थप २५ प्रतिशत र २ वर्ष भित्रमा थप २५ प्रतिशत गरी २ वर्ष भित्रमा ८० प्रतिशत बौद्धिक विकास हुने र यसरी बालबालिका ५ वर्षको हुँदासम्म ९० प्रतिशत बौद्धिक विकास भइसक्ने भएको हुनाले सो अवधिलाई गाउँपालिकाले गर्भमा हुँदा आमा र जन्मे पश्चात बच्चालाई कम्तीमा २ वर्ष सम्म आफ्नो निगरानीमा राखी बौद्धिक विकासको लागि आवश्यक

पर्ने सम्पूर्ण खर्च व्यहोर्ने गरि व्यवस्था मिलाउने तर्फ विशेष पहल गरिने छ । यसको लागि गाउँपालिका भित्र रहेका प्रत्येक गर्भवती आमाहरुको घरमा गाउँपालिकाले संघसंस्थासँग समन्वय गरि अनिवार्य रुपमा कृषि टनेल उपलब्ध गराउने व्यवस्था गर्ने छ । यसको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

१४. गत आ.व देखि यस हेलम्बु गाउँपालिकामा बसोवास गर्ने अधिकांश मानिसहरु कृषिमा निर्भर रहेको र हाल माहामारीबाट ग्रसीत भई स्वदेश फिर्ता भएका व्यक्तिहरुलाई समेत ध्यानमा राखी यस गाउँपालिका भित्र रहेको खेतीयोग्य जमिनलाइ अधिकतम उपयोग गर्दै उनीहरुलाई समेत रोजगारीको अवसर सिर्जना गर्न र आगामी वर्षहरुमा खाद्यान्नको अभाव हुन नदिन यस गाउँपालिकाले कृषकहरुको लागि **रासायनिक मलमा अनुदान** दिई कृषि सामाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कै मूल्यमा रासायनिक मल उपलब्ध गराउँदै आएकोमा यसबाट किसानहरुलाई मल नपाउने समस्याको अन्त्य र प्रत्येक घरमा मलको अनुदान पुग्ने वातावरण भएको र यसबाट किसानहरु कृषि उत्पादन तर्फ लाभान्वित भएको हुनाले उक्त कार्यक्रमलाई निरन्तरता दिँदै लगिने छ । यसको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

१५. हेलम्बु गाउँपालिका र नेपाल दुरसञ्चार प्राधिकरणको बीच समझदारी भए अनुसार गाउँपालिका भित्रका सम्पूर्ण विद्यालय, सरकारी कार्यालयहरु, स्वास्थ्य संस्था लगायतका क्षेत्रहरुमा यस आ.व भित्र नै ब्रोडव्याण्ड इन्टरनेट पुऱ्याउने समझदारी भएको हुनाले यस आ.व. मा उल्लेखित क्षेत्रहरुमा इन्टरनेटको सेवा सञ्चालन हुने र यसबाट शैक्षिक गुणस्तर कायम राख्न र वैकल्पिक शैक्षिक पठनपाठनको लागि पनि ठुलो टेवा पुग्ने अपेक्षा राखिएको छ । साथै सरकारी कार्यालयबाट हुने सेवा सुविधा समेत सरल रुपमा उपलब्ध गराउने अपेक्षा राखिएको छ ।

१६. **सामाजिक समानताको लागि एकल पूरूष भत्ता** : नेपाल सरकारले वितरण गर्ने सामाजिक सुरक्षा भत्ता अन्तर्गत हालसम्म एकल महिलालाई मात्र भत्ता दिँदै आएकोमा हेलम्बु गाउँपालिका भित्र स्थायी वसोवास गर्ने एकल पुरुषहरुको लागि पनि गाउँपालिकाले एउटा छुट्टै कार्यविधि बनाई मासिक रुपमा भत्ता स्वरुप केहि रकम प्रदान गर्ने कार्य अगाडि बढाईसकेकोमा उक्त कार्यलाई निरन्तरता दिँदै लगिने छ ।

१७. मातृ तथा नवजात शिशु स्वास्थ्य सुधारका लागि नेपाल सरकारले स्वास्थ्य संस्थामा सुत्केरी हुँदा महिलाहरुलाई दिँदै आएको यातायात खर्च रु.३०००।- मा **गाउँपालिकाको तर्फबाट रू.3000।- थप प्रसुती पोषण खर्च** प्रदान गर्ने कार्यलाई यस आ.व.मा पनि निरन्तरता दिँदै लगिने छ । साथै हालसम्म सुत्केरीहरुको लागि मात्र निशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराउँदै आएकोमा चालु आवमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को बन्दान्दीको समयमा अन्य बिरामीहरुको लागि पनि निशुल्क गरिएकोमा आगामी आ.व देखि सम्पूर्ण **हेलम्बु बासीहरूको लागि निशुल्क एम्बुलेन्स सेवा** उपलब्ध गराउने व्यवस्था गरिने छ ।

१८. गाउँपालिका क्षेत्रभित्रको शिक्षाको गुणस्तर सुधार गर्ने अभियानलाई सफल बनाउनको लागि उपयुक्त विश्वविद्यालय र **हेलम्बु नमूना विद्यालय** बीच साझेदारीमा विद्यालय सुधार कार्यक्रम सञ्चालन गर्नको लागि इच्छुक फाउण्डेशन र संघसंस्थाहरु सँग समन्वय गरी यसको शैक्षिक व्यवस्थापन (Academic Management) कार्यलाई व्यवस्थित बनाई आवासिय सुविधा सहितको

गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि यस आ.व मा शिक्षक/विद्यार्थी आवास गृह र विद्यालयलाई आवश्यक थप संरचानहरु निर्माण कार्य गर्नको लागि बजेटको व्यवस्था गरिएको छ । साथै आगामी आ.व देखि उक्त विद्यालयमा पठनपाठनको व्यवस्था सुरुवात गर्नको लागि विशेष पहल गरिने छ ।

१९. हेलम्बु गाउँपालिका भित्र कार्यरत घर पायक नभएका कर्मचारीहरुको समस्याको समाधान गर्न सरकारी आवास सुविधा नभएका तथा घर भाडा लिएर वस्नु पर्ने कर्मचारीहरुलाई आवासको लागि घरभाडा सुविधा उपलब्ध गराइँदै आएकोमा आगामी आ.व मा पनि उक्त कार्यलाई निरन्तरता दिँदै लगिने छ ।

२०. गत आर्थिक वर्षमा सञ्चालनमा ल्याइएको **शिक्षक तथा कर्मचारी सुरक्षा कोष**, **कल्याणकारी कोष, अस्थायी अवकाश कोष,** शिक्षकहरुका लागि मात्र व्यवस्था गरिँदै आएकोमा आगामी आ.व देखि गाउँपालिका भित्र रहेको सम्पूर्ण अस्थायी तथा करारका कर्मचारीहरुको लागि समेत उक्त कार्यक्रम सञ्चालनमा ल्याईने छ । साथै विद्यालय सहयोगीहरुको लागि थप भत्ता तथा पोशाक भत्ताको व्यवस्था, लेखापाल र प्रधानाध्यापकहरुलाई थप भत्ता वापतको रकम उपलब्ध गराउँदै आएकोमा आगामी वर्ष पनि उक्त कार्यक्रमलाई निरन्तरता दिँदै लगिने छ ।

२१. हेलम्बु गाउँपालिका भित्र रहेका विद्यालयहरुमा गत आ.व देखि सुरुवात गरिएको **सम्बोटालिपी र संस्कृतलीपी** को अध्यापन कार्यक्रम सञ्चालन भइरहेकोमा आगामी आ.व मा पनि उक्त कार्यलाई निरन्तरता दिँदै लगिने छ ।

२२. विगतमा प्रदान गरिँदै आइएको विद्यार्थी छात्रवृत्ति कार्यक्रमलाई हेलम्बु गाउँपालिकाको आवश्यकता र क्षमताको आधारमा यस गाउँपालिका भित्र अध्ययनरत गरिव तथा जेहेन्दार विद्यार्थी मध्ये दलित र अन्य समुदायबाट प्रतिस्पर्धाको आधारमा **प्राविधिक तथा व्यावसायिक** शिक्षाको लागि नीतिगत रुपमै व्यवस्था गरी हरेक वर्ष तोकिएको संख्यामा कार्यान्वयनमा आउने गरि छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिँदै लगिने छ । गाउँपालिका भित्र स्थायी बसोवास गर्ने MBBS उत्तिर्ण विद्यार्थीको लागि एम.डि गर्न लाग्ने खर्च निजले उक्त तह समाप्त भए पश्चात पून गाउँपालिकामा फर्केर आई २ वर्ष अनिवार्य रुपमा तोकिएको सेवा गर्ने शर्तमा गाउँपालिकाले व्यवस्था गर्ने छ । साथै दलित समुदायमा उक्त अध्ययनको लागि कुनै विद्यार्थी डाक्टर पढ्न जानु परेमा निजको लागि लाग्ने सम्पूर्ण खर्च गाउँपालिकाले व्यवस्था गर्ने छ ।

२३. कृषि क्षेत्रको समग्र विकास गर्ने गरी गाउँपालिकाले रणनीतिक योजना तयार गर्नको लागि विभिन्न स्थानहरुलाई भौगोलिक अनुकुलताको हिसावले कृषि पार्श्वचित्र (प्रोफाईल) तयार गरी कुन क्षेत्रमा कुन खालको खेती उपयुक्त हुन्छ सो को अध्ययन गरि सोही अनुसारको खेती तथा व्यवसायलाई प्रवर्द्धन गर्नुका साथै गाउँपालिका भित्र रहेका श्रमशक्तिको अभावलाई मध्यनजर गर्दै कृषि उपकरणमा ५० प्रतिशत अनुदान दिईने छ । गाउँपालिका भित्र कृषिजन्य उत्पादनहरुको हाटबजारको लागि आवश्यक सहजीकरण गरिने छ ।

२४. गाउँपालिकामा सञ्चालन भएका सम्पूर्ण विकासका योजनाहरुलाई वातावरण मैत्री बनाउने हिसावले विगत आ.व देखि योजनामा विनियोजित रकमको २ प्रतिशत रकम जम्मा गरि

**वातावरण संरक्षण कोष** को व्यवस्था गरिएकोमा उक्त कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिँदै कोषमा जम्मा भएको रकम कार्यविधि बमोजिम खर्च गर्ने व्यवस्था मिलाइने छ । यसबाट वातावरण संरक्षण लगायत जलवायु परिवर्तनको क्षेत्रमा ठूलो योगदान पुग्ने अपेक्षा राखिएको छ ।

२५. दलित समुदायको सीप विकास तथा आय-आर्जन कार्यक्रम मार्फत आर्थिक तथा सामाजिक क्षेत्रमा व्यापक परिवर्तन ल्याउने उद्देश्यले यस गाउँपालिका भित्र उक्त समुदायको लागि उपयुक्त स्थानको छनोट गरि **दलित औद्योगिक क्षेत्र** को स्थापना गर्ने कार्यक्रम रहेकोमा उक्त औद्योगिक क्षेत्रको डि.पि.आर भइसकेको भएतापनि स्थान छनौट नभएको हुनाले हालसम्म निर्माण कार्यले गति लिन नसकेको हुँदा गाउँपालिका भित्र विभिन्न संघ संस्थाहरुले सञ्चालन गर्ने आय आर्जनका कार्यक्रमको ३० प्रतिशत बजेट अनिवार्य यस दलित औद्योगिक क्षेत्र निर्माणको लागि खर्च गर्ने गरि गाउँपालिका र संघसंस्थाहरुको साझेदारीमा ठाउँको एकिन गरि आगामी आ.व भित्र निर्माण कार्यलाई तीव्रता दिइने छ ।

२६. गाउँपालिका भित्रका हिन्दु धर्मावलम्बीहरुको महत्वपूर्ण तीर्थस्थल पाल्चोक (जयबागेश्वरी) भगवती मन्दिर र महाकाली निन्देश्वरी मन्दिरको डि.पि.आर कार्य सम्पन्न भइसकेको हुनाले निर्माण कार्य गर्नको लागि आवश्यक बजेटको खोजी गरि गाउँपालिकाले विशेष प्राथमिकताका साथ अगाडि बढाउने छ ।

२७. **खेलकुद विकास** : गाउँपालिकामा एक वडा एक खेलकुद मैदान निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै लैजाने र आगामी आ.व. मा गाउँपालिका भित्र कुनै पनि एक स्थानमा राष्ट्रिय स्तरको खेल सञ्चालन गर्न मिल्ने गरि खेलमैदानको निर्माण गरिने छ र विभिन्न खेलका प्रशिक्षकहरु नियुक्ति गरि खेलकुद क्षेत्रलाई व्यापक रुपले विकास गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

२८ **परिवर्तनका लागि सकारात्मक सञ्चार** कार्यक्रम अन्तर्गत पत्रकारिता क्षेत्र प्रवर्द्धन कार्यक्रमका लागि स्थानीय पत्र-पत्रिका, रेडियो, टेलिभिजनहरुलाई विज्ञापन, तालिम जस्ता कार्यक्रमहरु सञ्चालनको माध्यमबाट कोरोना भाईरसको रोकथामको बारेमा विशेष सचेतना कार्यक्रमहरु सञ्चालन गर्दै लगिने छ । यसको लागि बजेटको व्यवस्था गरिने छ ।

२९. **विद्यालयमा दिवा खाजा कार्यकम** : नेपाल सरकारद्धारा इ सि डी देखि कक्षा ५ सम्मको विद्यार्थीलाइ खाजा कार्यकम रहेको र एउटै विद्यालयका विद्यार्थीहरुमा पनि कसैलाइ खाजा सुविधा रहेको र कसैलाइ नरहेको अवस्थाको मध्यनजर गर्दै सवैलाई समान रुपमा खाजा सुविधा उपलब्ध गराउनको लागि कक्षा ६ देखि १२ सम्मका सम्पुर्ण विद्यार्थी तथा शिक्षकरुलाई हेलम्बु गाउँपालिकाबाट खाजा सुविधा उपलब्ध गराउँदै आएकोमा उक्त कार्यलाई निरन्तरता दिँदै लगिने छ ।

३०. **यूवा उद्यमी कार्यक्रम**: गाउँपालिका भित्रको विभिन्न स्थानहरुमा सामुहिक अथवा व्यक्तिगत रुपमा यूवाहरुले गर्ने व्यवसायमा जस्तैः बाख्रापालन, कृषि फर्म, माछापालन, दुधजन्य वस्तुको उत्पादन जस्ता विभिन्न व्यवसाय गर्ने युवाहरुलाई प्रोत्साहन गर्नको लागि गाउँपालिकाले

व्यवसायिहरुलाई व्यवसायको प्रकृति हेरी अनुदानको व्यवस्था मिलाइने छ । यसको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

३१. **दुध उत्पादनमा वृद्धि**: हेलम्बु गाउँपालिका भित्र दुध उत्पादनलाई शत् प्रतिशत वृद्धि गराउने उद्देश्यले दुध विक्रि गर्ने किसानहरुको लागि अनुदानको व्यवस्था गरिने छ । यसको लागि बजेटको व्यवस्था गरिएको छ ।

३२. राष्ट्रिय तथ्याङ्क अनुसार गाउँपालिका भित्र २० वर्ष भन्दा कम उमेर समुहको वैवाहिक स्थितिलाई हेर्दा ५६.७८ प्रतिशत, जसमा पूरुष ४४.७७ प्रतिशत र महिला ६७.५० प्रतिशत रहेको हुँदा गाउँपालिकाद्धारा बाल विवाह न्यूनीकरणको लागि प्रत्येक विद्यालयहरु भएको बाल क्लबहरुमा बजेटको व्यवस्था गरि एक हप्तामा १ पटक विद्यार्थीहरुको लागि अभिमुखीकरण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न विशेष पहल गरिने छ । यसको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

३३. **बालमैत्री कार्यक्रम**: हेलम्बु गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा विकास गर्नको लागि विभिन्न कार्यक्रमहरु जस्तैः आवधिक र बार्षिक योजना तथा कार्यक्रमहरुमा बालअधिकारको प्रचार प्रसार तथा प्रवर्द्धनका लागि कार्यक्रमहरु प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, बालअधिकार हननका घटनाहरुको पहिचान गरि तिनका विरुद्ध सचेतना अभिवृद्धि गर्ने, बालमैत्री भौतिक संरचनाको निर्माणमा सहयोग गर्ने जस्ता विभिन्न कार्यक्रमहरु सञ्चालन गरि बालमैत्री गाउँपालिका निर्माण गर्ने तर्फ विशेष पहल गरिने छ ।

३४. आगामी आ.व मा गाउँपालिकाको वस्तुगत विवरण (प्रोफाईल) दिर्घकालिन रणनीति, आवधिक योजना र मध्यकालिन खर्च संरचना तयार गरि कार्यान्वयनमा ल्याइनेछ । यसबाट प्राथमिकता प्राप्त पूर्वाधार लगायतका सम्पूर्ण विकास निर्माणका कार्यहरुमा सहजता हुने अपेक्षा राखिएको छ ।

**अन्तमा,**

हेलम्बु गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा अन्तर्गतका सम्पूर्ण कार्यालयबाट हुने सेवा तथा सुविधालाई छिटो-छरितो रुपमा सम्पन्न गर्नका लागि हामी सदैव तत्पर रहेको प्रतिबद्धताका साथ माथि उल्लेखित केही ठुला विकासका योजनाहरु तथा उल्लेख गर्न छुटेका विकासका शीर्षकहरुलाई सम्बन्धित क्षेत्रगत निकायहरुमा समावेश गरि हेलम्बु गाउँपालिकालाई नमुना गाउँपालिका निर्माण गर्ने लक्ष्य अनुरुप हालसम्म प्राप्त भएका उपलब्धिहरुको संरक्षण तथा विकास गर्दै प्रस्तावित नयाँ आयोजना तथा कार्यक्रमहरुलाई सफलतापूर्वक सम्पन्न गर्न सम्बन्धित सबैलाई सहयोगका लागि हार्दिक अनुरोध गर्दछौं ।

**धन्यवाद ।**